# ALL INDIA RADIO GANGTOK
## NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs                                        Date: 13.08.2024

## हर घर तिरंगा र्याली

स्वतन्त्रता दिवस समारोहको उपलक्ष्यमा देशभिर हर घर तिरंगा र्याली आयोजित गरिँदैछ।

देशभक्तिको भावना बढाउन हर घर तिरंगा अभियान पन्ध्र अगस्तसम्म आयोजन भइरहेछ।

सरकारले मानिसहरूसित आ आफ्ना घरमा तिरङ्गा फहराउने र तिरङ्गासित सेल्फी लिएर हर घर तिरंगा वेबसाइटमा अपलोड गर्ने आग्रह गरेको छ।

उपराष्ट्रपति श्री जगदीप धनखड़ले आज बिहान नयाँ दिल्लीको भारत मंडपमबाट हर घर तिरंगा बाइक र्यालीलाई हरियो झण्डा देखाएर प्रस्थान गराउनु भयो।

सभालाई सम्बोधन गर्दै श्री धनखड़ले भन्नुभयो हर घर तिरंगा अभियान अब एउटा आन्दोलन भएको छ।

उपराष्ट्रपतिले भन्नुभयो हर घर तिरंगाले देशको स्वतन्त्रता गौरव र विकसित भारतका लागि प्रतिबद्धता दर्शाउँछ।

यस अवसरमा केन्द्रीय संस्कृति मन्त्री श्री गजेन्द्र सिंह शेखावनले भन्नुभयो तिरंगा देशको गर्व हो र यसले देशलाई एक सूत्रमा बाँच्छ।

सिएम
राज्यका विभिन्न ठाँउमा अहिले अठात्तरौं स्वतन्त्रता  दिवस समारोह आयोजित भइरहेछन्।
समारोह अन्तर्गत सोरेङको जौटार स्टेडियममा आज आयोजित कार्यक्रममा मुख्यमन्त्री श्री प्रेमसिंह तामङ मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।
आफ्नो  वक्तव्यमा उहाँले भन्नुभयो राज्य सरकार सामान्य सशक्तिकरण योजना र सिक्किम गरीब आवास योजना जस्ता प्रमुख पहलहरूलाई कायम राख्न र यसको विस्तार गर्न प्रतिबद्ध छ।
श्री तामङले भन्नुभयो घरको विस्तार र मरम्मतिका लागि पहिलो किश्ती हालै सम्पन्न आम चुनाउअघि उपलब्ध गराइसकिएको छ र रहल राशि यसै वर्षको अन्तसम्मा वितरण गरिनेछ।
स्वास्थ्यको क्षेत्रमा हाम्रो दवाई दोकान पहलबारे जानकारी दिँदै मुख्यमन्त्रीले भन्नुभयो यसका लागि यस वर्षको बजटमा पहिलै धनराशि छुट्याइएकोछ।
श्री तामङले भन्नुभयो सुनौलो सिक्किम समृद्ध सिक्किम समर्थ सिक्किम निर्माणको प्रयास भइरहेको कुरो बताउँदै श्री तामङले भन्नुभयो एसकेएम पार्टीको सरकार विकसित भारत २०४७ को लक्ष्य प्राप्तिमा योगदान दिन प्रतिबद्ध छ।
सरकारी तन्त्रलाई दरिलो बनाउने र जनतालाई प्रभावकारी सहायता प्रदान गर्ने दिशामा प्रयास, सोरेङ जिल्लाबाट हुनेछ भन्ने आशा प्रकट गर्दै उहाँले भन्नुभयो सोरेङ र पाकिममा डिजिटल जिल्लाको पहल आरम्भ भइरहेछ र सार्वजनिक सेवा वितरणमा नवाचार र सुधार गर्ने कार्य जारी राख्नुपर्छ।
मुख्यमन्त्रीले मानिसहरूसित नशामुक्त सिक्किमको निर्माणमा सहयोग गर्ने आग्रह गर्नुभएको छ।

यस अवसरमा राज्यमा फुटबल खेलको विकासमा योगदान दिने पूर्व खेलाड़ीहरू निमछिरिङ लेप्चा, निर्मल छेत्री, विकास जैरू, सञ्जु प्रधान र रबिन गुरूङलाई सिङलिङ स्पोर्टिङ क्लब र स्वतन्त्रता दिवस समारोह आयोजक समिति सोरेङको तर्फबाट सम्मानित गरियो।

**बीआरओ**

अठात्तरौं स्वतन्त्र दिवस समारोह अन्तर्गत सीमा संड़क संगठनले पनि विभिन्न कार्यक्रमहरू आयोजना गरिरहेछ।

परियोजना स्वस्तिकको सीमा सड़क कार्य बलद्वारा सरकारी माध्यमिक पाठशालाका विद्यार्थी र शिक्षकहरूका लागि हिजो आयोजित चित्रकला प्रतियोगितामा दुई सय पचासभन्दा धेरै जनाले भाग लिए।

'एक पेड़ माँ के नाम' विषयमाथि प्रतियोगिता आयोजन गरेर पर्यावरण संरक्षणबारे जागरूकता ल्याउनु यसको उद्देश्य थियो।

यसै गरी राष्ट्रवादबारे सन्देश दिन र रक्षा बलमा सामेल हुनमा सिक्किमका युवाहरूलाई प्रोत्साहित गर्ने उदेश्यले टाशीभिउ पोइन्टदेखि चानमारीसम्म 'तिरंगा दौड़' आयोजित गरियो।

**गभर्नर**

राज्यपाल श्री ओम प्रकाश माथुरले हिजो नयाँ दिल्लीमा केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री श्री जे. पी नड्डासित भेट गर्नुभयो।

भेटघाटका बेला उहाँहरूले सिक्किम राज्यसित सम्बन्धित विभिन्न विषयहरू विशेष गरी स्वास्थ्य सेवामा बढोत्तरीबारे चर्चा गर्नुभयो।

## अवार्ड

पश्चिम सिक्किम साहित्य प्रकाशनले यस वर्षको लालमान सञ्चरानी स्मृति पुरस्कार र साहित्यकार बी.बी मुरिङला स्मृति पुरस्कारको घोषणा गरेको छ।

गेजिङ स्थित प्रकाशनको कार्यालयमा होजो बसेको बैठकमा घोषणा गरिए अनुसार लालमान सञ्चरानी स्मृति पुरस्कार कथा विधामा गान्तोक निवासी श्रीमती गीताश्री शर्मालाई उहाँको कथा संग्रह समयका रेखाहरू का लागि प्रदान गरिने भएको छ।

यसै गरी भाषाविद् बी.बी मुरिङला स्मृति पुरस्कारद्वारा कविता विदामा मिरिक, दार्जीलिङ नासी श्रीमती कमला तामाङलाई कविता सङ्ग्रह 'अक्षर सङगालोका'लागि सम्मानित गरिनेछ।

33 औं भाषा मान्यता दिवसको अवसरमा यसै महीना बीस तारीकका दिन गेजिङमा आयोजित हुने समारोहमा उहाँहरूलाई पुरस्कृत गरिनेछ।

## फुटबल

छोग्याल सर टाशी नाम्गेल स्मारक कप स्वतन्त्रता दिवस फुटबल टुर्नामिेण्टको फाइनल खजल भेङथार फुटबल क्लब मिजोराम र एपिएफ नेपालबीच हुनेछ।

गान्तोकको पाल्जोर स्टेडियममा आज भएको दोस्रो सेमिफाइनलमा गत वर्षको विजेता मिजोराम टीमले सिक्किम पुलिसलाई टाइब्रेकरमा पेनाल्टी शूट को माध्यमले परास्त गर्यो।

निर्धारित समयमा दुई दुई गोल गरी दुवै टीम बराबरीमा रहेपछि तीस मिनटको अतिरिक्त समयको पनि गोलबिहीन रह्यो।

त्यसपछि टाइब्रेकरमा खजल भेङथार फुटबल क्लब मिजोरामले राज्यको टीमलाई तीनको विरूद्ध चार गोलले हरायो।

फाइनल खेला आँउदो बिहीवार पन्ध्र अगस्तमा हुनेछ।